# राधी विद्युत कम्पनी लिमिटेड

## वार्षिक साधारण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति आषाढ ०८, २०७८

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति आषाढ ०७, २०७८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा Webinar (Zoom) मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : आषाढ २९, २०७८ (जुलाई १३, २०२१)
समय : बिहानको ११:०० बजे, मंगलबार
स्थान : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
(Zoom को ID र Passcode उपलब्ध गराइनेछ ।)

### १) साधारण प्रस्तावहरू

क) संचालक समितिको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
ग) आ.व. २०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

### २) विशेष प्रस्तावहरू

क) चुक्ता पुँजीको ३६.५ प्रतिशत बोनस शेयर (कर बाहेक) जारी गर्ने ।
ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।
ग) बिशेष प्रस्ताव नं. (क) बमोजिम बोनस शेयर जारी गरे पश्चात कायम हुने चुक्ता पुँजीको १४७.५२ प्रतिशत (१ : १.४७५२) कित्ता हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
घ) नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३) विविध

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. शेयरधनीले आफ्नो नाम र E-mail Address कम्पनीको E-mail ठेगाना radhihydro123@gmail.com मा पठाउनु पर्नेछ ।
२. Zoom Meeting को विवरण शेयरधनीले कम्पनीलाई उपलब्ध गराएको E-mail मार्फत सम्बन्धीत शेयरधनीहरुलाई सभा हुनु भन्दा अघिल्लो दिन पठाइनेछ ।
३. Zoom app मार्फत सहभागी हुनका लागि शेयर लगत वा Demat Account मा भए बमोजिम आफ्नो नामबाट Login गर्नुपर्नेछ ।
४. हाजिरी प्रयोजनको लागि Zoom meeting बिहानको ९:०० बजे देखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आषाढ १५, २०७८ देखि आषाढ २९, २०७८ सम्म बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति आषाढ १४, २०७८ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
६. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु कम्पनीको वेव साईट www.radhibidyut.com.np मा हेर्न सक्नु हुनेछ ।
७. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले आषाढ २७, २०७८ गते कार्यालय समय भित्र कम्पनीले तोकेको ढाँचामा उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
८. साधारण सभामा आफ्नो जिज्ञासा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने मिति भन्दा २ (दुई) दिन अघि नै E-mail मार्फत पठाउनु पर्नेछ ।
९. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**